# स्थानीय राजपत्र

**देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ३) देवदह नगरपालिका, मिति: २०७८/१२/२७ (संख्या ६**

## भाग–२

## देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,२०७४ को दफा ४ बमोजिम देवदह नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७८ सालको कार्यविधि नं. ६

### कार्यविधिको नाम : देवदह नगरपालिकाको संकलन केन्द्रको अवधारणामा उत्पादनमा आधारित कृषक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७८

नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७८/१२/२५

**प्रस्तावना** : कृषकहरुलाई उनीहरुले गरेको कृषि उत्पादनको आधारमा आर्थिक सहयोग गर्दै कृषि पेशामा आकर्षण बढाउने उद्देश्यले संस्थागत रुपमा कृषि उपज बेचबिखन गर्ने तथा व्यवसायीहरुलाई संगठित बजारमा गुणस्तरीय तरकारीको बिक्रीको आधारमा अनुदान उपलव्ध गराउने उद्देश्यले देवदह नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपमा संचालन गर्न यस नगरपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>सक्षिप्त नाम र प्रारम्भ :</u>

(क) यस कार्यविधिको नाम उत्पादनमा आधारित कृषक सहयोग संचालन कार्यविधि २०७८ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा :</u>

(क) "अनुदान" भन्नाले प्रोत्साहन स्वरूप उत्पादन तथा बिक्रि परिमाणको आधारकमा प्रदान गरिने रकमलाई सम्झनु पर्दछ।

(ख) "कार्यालय" भन्नाले स्वीकृत कार्यक्रम तथा बजेटको व्यवस्था भएको कार्यक्रम संचालन गर्ने निकायलाई सम्झनु पर्दछ।

(ग) "तरकारी" भन्नाले बजारमा बिक्रि योग्य ताजा तरकारी सम्झनु पर्दछ।

(घ) "नगरपालिका भन्नाले देवदह नगरपालिका रुपन्देहीलाई सम्झनु पर्दछ।

(ङ) "कृषि विकास शाखा" भन्नाले देवदह नगरपालिका अन्तर्गतको कृषि विकास हेर्ने शाखा सम्झनु पर्दछ।

(च) "समिति" भन्नाले दफा ८ बमोजिम गठित समिति सम्झनु पर्दछ।

(छ) "शीत भण्डार" भन्नाले कृषिजन्य बाली बस्तुहरुलाई लामो समयसम्म संरक्षण गर्न बनाईएको वातानुकुलित संरचनालाई सम्झनु पर्दछ।

३. <u>उद्देश्य :</u> यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ।

(क) कृषि उत्पादनको गुणस्तर कायम गरी उत्पादन गर्ने क्षेत्रलाई प्रतिस्पर्धात्मक प्रतिष्ठित एवं दिगो बनाउन प्रोत्साहन गर्ने,

(ख) साना किसानहरुलाई समुह सहकारीमा आवद्ध गराई उत्पादित कृषि उपजलाई संगठित बजारमा बिक्रि गर्ने,

(ग) कृषकहरुमा गुणस्तरीय बीउ उपलव्धतालाई सुनिश्चित गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

(घ) कृषि उत्पादनमा अबद्ध कृषकहरुको मनोवल उच्च राखी निजहरुको लगानीलाई सुनिश्चता प्रदान गर्ने।

## परिच्छेद-२
## कार्यक्रम संचालन प्रक्रिया तथा अनुदान सम्बन्धि मापदण्ड

४. <u>कार्यक्रम संचालन प्रक्रिया :</u> कार्यक्रम संचालन प्रक्रियाहरु देहाय बमोजिम हुनेछ।

(क) तरकारी बाली बस्तु विशेष कार्यक्रममा सहभागी हुन् चाहने ईच्छुक कृषक/फर्म/समुह/ सहकारीहरुलाई लक्षित गरी

अनुसूची १ बमोजिमको ढाचामा २१ दिने सूचना प्रकाशन गरिनेछ।

(ख) प्रस्तावकहरुले अनुसूची-२ को ढाचामा निवेदन र सो अनुसारको कागजातहरु सहित अनुसूची-५ बमोजिमको ढाचामा प्रस्ताव तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ । यसरी प्रस्ताव गर्दा आवद्ध कृषकहरुको सम्पूर्ण विवरण पेश गर्नु पर्नेछ।

(ग) पेश भई आएका प्रस्तावहरुलाई नगरस्तरीय आर्थिक बिकास समितिको निर्णय बमोजिम छनौट गरी कार्यक्रम अगाडी बढाईने छ।

(घ) अनुदानग्राही कृषकहरुलाई सङकलन केन्द्रमा बिक्रि गर्न लगेको तरकारीको परिमाणको रेकर्डका आधारमा अनुदान रकमएकमुष्ट उपलब्ध गराईने छ।

५. <u>यस कार्यक्रमबाट लाभान्वित भईसके पश्चात</u> कृषक/फार्म/ समुह/सहकारी/कम्पनीले बाली तथा बस्तुहरुको उत्पादनक्षेत्रफल वा उत्पादन अनिवार्य वृद्धि गरेको हुनुपर्नेछ।

६. <u>अनुदानग्राही छनौटको मापदण्डः</u> उत्पादनमा आधारित प्रोत्साहन अनुदानग्राही छनौटको मापदण्ड देहाय बमोजिम हुनेछ :-

| क्र. सं. | बाली बस्तुको बिबरण | अनुदान दिने आधार | कसलाई दिने | प्रमाणित गर्ने आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | तरकारी | १.१ ब्यवसायिक तरकारी खेतीमा आवद्द कृषक हुनु पर्दछ ।<br>२. कृषकको आफ्नै फार्म/ खेतबारीको | व्यवसायिक कृषक/ फार्म/ कृषक समुह/कृषि सहकारी/ कम्पनि | खेती गरिएको विवरण र सम्बन्धित वडा वा कृषि विकास शाखाले खेत निरिक्षण सहितको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उत्पादन भएको हुनुपर्दछ । ३. सहकारी/समुह/ कम्पनीको आबद्ध कृषकहरुको तर्फबाट प्रस्ताव पेश गर्न सक्नेछन । | | प्राविधिक प्रतिवेदन, नगरपालिकाले तोकेको संकलन केन्द्रमा संकलित तरकारीको परिमाण कार्यक्रम हेर्ने प्राविधिकले प्रमाणित गरेको अभिलेख | |

७. **<u>प्रोत्साहन रकमको मापदण्ड :-</u>**

(क) तरकारीको हकमा बढीमा प्रति के.जी. रु. ५ क दरले प्रोत्साहन स्वरूप अनुदानग्राही कृषक/फार्म/समुह/ सहकारी/ कम्पनीलाई अनुदान उपलव्ध गरीनेछ।

(ख) प्रोत्साहन स्वरूप अनुदानग्राही कृषक/फार्म/समुह/ सहकारी/ कम्पनीले पाउने अनुदानबाट संकलन केन्द्र संचालन समिति प्रति के.जी. रु.१ का दरले संचालन खर्च कटाउने छ।

## परिच्छेद-३
## भुक्तानी प्रक्रिया

८. **<u>प्रोत्साहन रकम भुक्तानी प्रक्रिया :-</u>**

(क) यस कार्यक्रम अन्तर्गत सहभागी हुने कृषक/ फार्म/ कृषक समुह/कृषि सहकारीतथा कम्पनीले अनुदान रकम माग गर्दा दफा ५ अनुसार प्रक्रिया पुरा गरी आवश्यक प्रमाणित कागजात सहित नगरपालिकाले तोकेको संकलन केन्द्रमा दैनिक संकलित तरकारीको अभिलेख अनुसार बढीमा प्रति के.जी. रु. ५ क दरले प्रोत्साहन रकम भुक्तानीको लागि निवेदन दिनुपर्नेछ। पेश भएका विवरणमा कुनै किसिमको कैफियत भेटिए वा झुठा ठहरे नगरपालिका प्रोत्साहन रकम

भुक्तानी गर्न बाध्य हुनेछैन र आवश्यक परे कानुनी कारवाही समेत आगाडी बढाउन सक्नेछ।

(ख) भुक्तानी गर्दा संकलित तरकारीको अभिलेखको आधारमा प्रत्येक ३ महिनामा सङकलन केन्द्र व्यवस्थापनको लागि तोकिएको कृषक समूहको खातामा भुक्तानी गरिने छ र समूह मार्फत प्रत्येक कृषकहरुलाई भुक्तानी दिई सो को भरपाई १५ दिन भित्र नगरपालिकामा पेस गर्नु पर्नेछ।

## समिति सम्बन्धि व्यवस्था

९. <u>निर्देशक समितिः-</u> (१) यस कार्यविधि बमोजिमको कार्यक्रम संचालन गर्न आवश्यक नीतिगत व्यवस्था तथा समस्या समाधानको लागि आवश्यक निर्देशिका देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ।

(ग) प्रमुख, देवदह नगरपालिका - अध्यक्ष

(घ) उप-प्रमुख देवदह नगरपालिका - उपाध्यक्ष

(ङ) आर्थिक बिकास समिति, सयोंजक - सदस्य

(च) आर्थिक प्रशासन प्रमुख - सदस्य

(छ) प्रमुख प्रशासकिय अधिकृत - सदस्य-सचिव

(२) निर्देशक समितिले आवश्यकता अनुसार विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

१०. <u>कार्यक्रम व्यवस्थापन समिति :</u>

(१) कार्यक्रम संचालनका लागि देहाय बमोजिम कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ।

(क) प्र.प्र.अ. देवदह नगरपालिका -संयोजक

(ख) कृषि बिकास शाखा प्रमुख - सदस्य

(ग) आर्थिक प्रशासन प्रमुख - सदस्य

(घ) योजना शाखा प्रमुख - सदस्य

(ङ) कार्यक्रम हेर्ने प्राविधिक - सदस्य-सचिव

(२) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यकम सञ्चालनको लागि सूचनाद्वारा प्रस्ताव आव्हान गर्ने,

(ख) प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्ने /गराउने।

(ग) कार्यक्रम सञ्चालनको लागि अनुदान रकम स्वीकृत गर्ने।

(घ) छनौट भएका प्रस्तावहरुसँग सम्झौता गर्न कार्यालयलाई सिफारिश गर्ने।

(ङ) प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई राय सुझाव दिने।

(च) प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गर्ने/गराउने।

११. <u>संकलन केन्द्र संचालक समिति :</u> १. संकलन केन्द्र संचालनको लागि देहाय बमोजिम ७ सदस्यीय कार्यक्रम संचालक समिति गठन हुनेछ।

क. कृषक - अध्यक्ष

ख. कृषक - उपाध्यक्ष

ग. कृषक - कोषाध्यक्ष

घ. कृषक - सचिव

ङ. कृषक - सदस्य

च. कृषक - सदस्य

छ. कृषि विकास शाखा - पदेन-सदस्य

(२) संकलन केन्द्र संचालक समितिले आवश्यकता अनुसार विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छन ।

(३) संकलन केन्द्र संचालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क. संकलन केन्द्रको विकास, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्ययोजना बनाई लागु गर्ने,

ख. संकलन केन्द्र संचालनका लागि आवश्यक पर्ने कर्मचारी, सेवा शर्त र सुविधा यकिन गरी स्वीकृतिका लागि कार्यक्रम व्यवस्थापन समितिमा पेश गर्ने,

ग. संकलन केन्द्रको सम्बन्धमा आवश्यक सूचना सर्व साधारण नागरिकको जानकारीको लागि सूचना सम्प्रेषण गर्ने,

घ. संकलन केन्द्रको विकास विस्तार र संकलन केन्द्रबाट प्राप्त हुनसक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने,

ङ. संकलन केन्द्रको प्रत्येक १५ दिनमा डाटा नगरपालिकाको कृषि विकास शाखामा बुझाउने,

च. उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्ने तरकारी खरिद बिक्रि गर्न नपाईने व्यवस्था मिलाउने,

छ. संकलन केन्द्र संचालन सम्बन्धि कुनै समस्या उत्पन्न भएमा सोको समाधान गर्ने,

ज. बिभिन्न कृषि संकलन केन्द्र तथा बजारहरुबाट कृषि उपजको बजार मूल्य जानकारी लिदै सम्बन्धित संकलन केन्द्रमा उक्त दिनको बजार भाउ निर्धारण गरि सूचना पाटीमा लेख्ने वा टास गर्ने।

## परिच्छेद-५
## विविध

१२. आर्थिक प्रशासन सेवा: प्रस्ताव नगरस्तरीय अनुगमन तथा मुल्यांकन समिति र व्यवस्थापन समितिको मूल्यांकनको आधारमा कार्यालयले प्रस्ताव स्वीकृत गरी कार्यविधि भएको व्यवस्था बमोजिम सम्झौता गर्नेछ | अनुदानग्राहिले कार्यक्रम संचालन गर्दा यसै कार्यविधि अनुसार संचालन गरी मितव्ययी रुपमा गर्नु पर्नेछ |

१३. अनुगमन: १. यस कार्यक्रमको अनुगमन देवदह नगरपालिका मातहतका कार्यालयले संयुक्त वा छुट्टा छुट्टै गर्न सक्नेछ |

२. उपदफा (१) बमोजिम गठन भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ |

३. उपदफा (१) बमोजिम दिएको निर्देशन को पालना गर्नु अनुदानग्राहिको कर्तव्य रहनेछ |

१४. समन्वय : नगरपालिकाले कार्यक्रमलाई व्यवस्थित रुपले संचालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय र यस नगरपालिकाका वडाबीच समन्वय गर्नेछ।

१५. संशोधन तथा हेरफेर : (१) यस कार्यविधि कार्यान्वयनलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन नगरपालिकाको आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ।

(२) नगरपालिकाले आवश्यता अनुसार अनुसूचिमा हेरफेर गर्न सक्नेछ |

(३) सङकल केन्द्रको व्यवस्थापनको लागि आर्थिक बिकास समितीको निर्णय बमोजिम कृषक समूह/सहकारीलाई जिम्मा दिन सकिने छ।

१६. <u>प्रचलित कानुन लागु हुने :</u> यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएको सोही बमोजिम तथा अन्य व्यवस्था सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ | यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा नगरपालिकाको व्याख्या अन्तिम हुनेछ।

**अनुसूची-१**
**(दफा ४ को खण्ड ख संग सम्बन्धित)**
**देवदह नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**केरवानी, रुपन्देही**

**उत्पादन प्रवर्धनमा आधारित कृषक सहयोग कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक/कृषक समुह/ कृषि फार्म/ कम्पनी/ कृषि सहकारी संस्थाहरुका लागि प्रस्ताव आव्हानको ढाँचा**

देवदह नगरपालिकाको आर्थिक बर्ष २०७................. को स्वीकृत कार्यक्रम अनुसार उत्पादनमा (तरकारी उत्पादन) ......................... ...................... प्रवर्धनमा आधारित कृषक सहयोग कार्यक्रम रहेकोले सो कार्यक्रममा सहभागी हुन वा आफु मातहतका सदस्य कृषकहरुलाई संलग्न गराउन ईच्छुक कृषक/ कृषक समुह/ सहकारी/ उद्धमी/ व्यवसायी वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस देवदह नगरपालिका कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव पत्रका साथ पेश गर्नुपर्ने विवरण, निवेदनको दाचा तथा सक्षिप्त कार्ययोजना यस नगरपालिकाबाट प्राप्त गर्न सक्नु हुनेछ ।

अनुसूची-२
(दफा ४ को खण्ड ख संग सम्बन्धित)
देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी, रुपन्देही

उत्पादन प्रवर्धनमा आधारित कृषक सहयोग कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक कृषक/कृषक समुह/ कृषि फार्म/ कम्पनी/ कृषि सहकारी संस्थाले नगरपालिका/ तोकिएको कार्यालयमा दिने आवेदन पत्रको ढाँचा

श्री ................................. ज्यु          मिति : ....................
...........................................
...........................................

बिषय : उत्पादनमा प्रवर्धनमा आधारित कृषक सहयोग कार्यक्रममा सहभागी हुन पाउ ।

महोदय,

प्रस्तुत बिषयमा मिति ........................... मा प्रकाशित सूचना अनुसार यस ....................................................... ..................... ले तरकारी प्रवर्धनमा आधारित कृषक सहयोग कार्यक्रममा समावेश हुने चाहना भएकोले सो प्रयोजनका लागि तपसिल अनुसारको कागजात संलग्न गरी निवेदन पेश गरेको छु/छौ ।

<u>तपसिल</u>

१. सहकारी वा संस्था वा कम्पनी दर्ता/ नविकरणको प्रमाणपत्र

२. कर चुक्ता प्रमाणपत्र

३. संस्थाको हकमा गत बर्षको लेखपरिक्षणको प्रतिवेदन

४. अनुसूची-५ अनुसारको कार्ययोजना

५. कार्यक्रम संचालन भएको स्थलको फोटोहरु

६. सम्बन्धित वडाको सिफारिस

७. सहकारीको हकमा बार्षिक साधारण सभा भएको भए गत बर्षको प्रतिवेदन

## अनुसूची-३

**(दफा ४ को खण्ड ख संग सम्बन्धित)**
**देवदह नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**केरवानी, रुपन्देही**

**कार्यक्रम संचालनका लागि कृषक/कृषक समुह/ कृषि फार्म/ कम्पनी/ कृषि सहकारी संस्थाको छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु**

१. समुह सहकारीको हकमा सदस्य संख्या

२. उत्पादन सहभागी कृषक

महिला ..................

पुरुष ...........................

दलित ....................

जनजाति .....................

३. उत्पादनको विवरण कुल मे.ट.

दर प्रति के.जी. : ..................

कुल आम्दानी : रु. ................

४. उपलव्ध जमिन

५. पानी बत्ती बाटोको व्यवस्था

६. रोजगारी

क. स्थायी

ख. मौसमी

७. समुह/सहकारी/फार्म वा कम्पनीको पूर्वाधार

क. भवन, गोदाम,कार्यालय आदि

ख. मेशिनरी, औजार, उपकरण

ग. लेखा प्रणाली सफ्टेवयर र अन्य

# अनुसूची-४

## (दफा ४ को खण्ड ख संग सम्बन्धित)
## देवदह नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## केरवानी, रुपन्देही
## सम्झौता पत्रको ढाँचा

देवदह नगरपालिकाको कार्यालय (यस पछिको प्रथम पक्ष भनिने) र ................................. (यस पछिको दोस्रो पक्ष भनिने) बीच उत्पादन (तरकारी) प्रवर्द्धनमा आधारित कृषक सहयोग कार्यक्रममा तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्विपक्षीय सम्झौता गरिएको छ ।

तपसिल

१. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत भए अनुसारको रकम रु. ......................... (अक्षरमा ...............) दोस्रो पक्षको बैंक खातामा एकमुष्ट जम्मा गरिदिने छ ।
२. दोस्रो पक्षले सहकारीमा आवद्ध भएका कृषकहरुलाई छनौटको मापदण्ड पुरा गरेको कृषकहरुलाई अनुदान वितरण गर्नु पर्नेछ ।
३. अनुदान रकम प्राप्त मध्ये दोस्रो पक्षले महिना बिक्रि गरेको तरकारी को परिमाणका आधारमा कृषकहरुलाई एकमुष्ट उपलब्ध गराउनु पर्नेछ ।
४. दोस्रो पक्षले प्राप्त अनुदानमा संचालन खर्च रु १ कटाएरा बाकी रकम कृषकको खातामा जम्मा गर्नु पर्नेछ । र सोको एक प्रति यस कार्यालयलाई बुझाउनु पर्नेछ ।

५. दोस्रो पक्षले यो सम्झौता बमोजिम कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग प्रचलित कानुन बमोजिम अनुदान रकम असुल उपर गर्न सक्नेछ ।

६. यस सम्झौतामा उल्लेख बाहेकका बिषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मन्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

| | |
|---|---|
| दोस्रो पक्ष | पहिलो पक्ष |
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| संस्था | कार्यालय |

रोहबर

| | |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| संस्था | कार्यालय |

**अनुसूची-५**
**(दफा ४ को खण्ड ख संग सम्बन्धित)**
**देवदह नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**केरवानी, रुपन्देही**
**व्यवसायीक योजनाको ढाँचा**

**१. परिचयात्मक विवरण :**

| | |
|---|---|
| सहकारी संस्था वा उद्धमी वा कम्पनीको नाम : | |
| ठेगाना : | |
| संस्थाको अध्यक्षको नाम : | |
| अध्यक्षको फोन न. | |
| आवेदक व्यक्ति/समुहको नाम : | |
| आवेदकको फोन न. | |
| संस्था दर्ता न. र मिति : | |
| संस्था दर्ता भएको कार्यालयको नाम : | |

२. **सहकारी संघ/संस्था/कम्पनीको किसिम :**
   क. उत्पादन मुलक
   ख. उपभोक्ता
   ग. श्रमिक
   घ. बहुउद्देश्यीय
   ङ. अन्य भए उल्लेख गर्ने
   ( ........................................)

३. **सहकारी संघ/संस्था/कम्पनीको शेयर सदस्य संख्या :............**

४. **प्रस्तावित कार्यक्रमको नाम : ........................**

५. **योजना संचालनको लागि जग्गाको विवरण :**

६. जग्गा भाडामा लिएको भए : ............... बर्षको सम्झौता भएको

७. आयोजना संचालन पश्चात लाभान्वित हुने अनुमानित जनसंख्या : ..........................

८. आवेदक संघ/संस्थाको पुजीको विवरण :

- नगद

| शेयर पुँजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |

- पूर्वाधार
- जमिन
- औजार उपकरण
- जम्मा

९. सडक सुविधा छ वा छैन ........... छ भने सडकको किसिम ........................

१०. आयोजना संचालन स्थलमा बिधुतको व्यवस्था छ वा छैन ........................

११. आयोजना संचालन गर्न सक्ने आवश्यक जनशक्ती

छ ☐ छैन ☐

यदि छ भने अनुभव बर्ष ...................

यदि छैन भने कसरी व्यवस्थापन गर्नुहुन्छ ...........................

१२. आयोजना संचालनका जोखिमहरु के छन ? यदि भए समाधानका उपायहरु के के हुन सक्छन ?

-

१३. कार्यक्रम सम्बन्धि सक्षिप्त विवरण

१३.१ आवश्यकता र औचित्य

१३.२ आयोजना संचालन हुने स्थान

१३.३ आयोजनाबाट उत्पादन हुने बस्तुको सुची

१३.४ आयोजनाका लागि चाहिने बस्तुको उत्पादित क्षेत्र/स्थान/उत्पादक

१३.५ आयोजनाले समेटने क्षेत्र र लाभान्वित जनसंख्या र रोजगारी सम्बन्धि विवरण

१३.६ बजारीकरण योजना

- क. बजारको विकास र बजारीकरणको रणनीति
- ख. लक्षित् बजार र ग्राहक
- ग. बजारका मुख्य विशेषताहरु
- घ. बजारमा उपलब्ध अवसरहरु
- ङ. बजार विकासका चुनौतीहरु

प्रमाणीकरण मिति : २०७८/१२/२७

आज्ञाले
डिल्लीराज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत